

अन्तरराष्ट्रिय नारी दिवसको मञ्चबाट उठ्यो

# नारी सशक्तिकरण अनि समान अधिकारको माग

दार्जीलिङ, ८ मार्च (नि.सं): अन्तर्राष्ट्रिय नारी दिवसको मञ्चबाट नारी सशक्तिकरण अनि समान अधिकारको माग उठान गरियो। दार्जीलिङ नगरपालिकाको अध्यक्ष पदमा प्रथमचोटि एक नारी चयन भएको तथा स्थानीय नारीहरूले विविध क्षेत्रहरूमा प्रगति गर्दै आइरहेकोमा नारीहरूले गर्व महसुस गरे। दार्जीलिङको एक प्रतिष्ठित संस्था हेडन हलको तत्वावधानमा आईसीडीएस, एसएचजी, एनजीओ अनि विविध संघ-संस्थाहरूको संयुक्ततामा यहाँको चौरास्तामा आयोजित अन्तर्राष्ट्रिय नारी दिवस समारोहमा नारी विशेष कार्यक्रमसँगै स्वच्छ भारत अभियान, मानव तस्करी अनि नारी तथा छोरी उत्पीड़नबारे सन्देश दिइयो।

हेडन हलबाट निकालिएको नारीहरूको मौन र्‍यालीले क्लब साइड, रोबर्टसन रोड, चौरास्ता रोड, गोर्खा रङ्गमञ्च भवन हुँदै चौरास्ता पुगेर समारोहमा परिणत भयो। र्‍यालीमा सहभागी नारीहरूले नारी अधिकार अनि महत्त्वबारे उल्लिखित प्लाकार्डहरू प्रदर्शन गरेका थिए। साउथ फिल्ड कलेजका विद्यार्थीहरू, दार्जीलिङ साइनका बाल कलाकार अनि सिलगढ़ीका नृत्याङ्गनाहरूको रंगारंग कार्यक्रमबीच स्वच्छ भारत अभियानमाथि भानु-पाला टोलीद्वारा मञ्चन गरिएको छोटो नाटकले समारोहमा थप रौनकता ल्यायो।

मुख्य-अतिथिका रूपमा उपस्थित दार्जीलिङ नगरपालिका अध्यक्षा प्रतिभा राईले छोरीचेलीमाथि हुने शारीरिक उत्पीड़नको घटना कम भएर जानु पर्ने तथा यस्ता उत्पीड़नका पीड़िताहरूलाई नयाँ जीवन दिलाउन मनोवैज्ञानिक विशेषज्ञहरूको टोली गठन गरिनुपर्ने सरकार अनि गैरसरकारी संस्थाहरूलाई अपील गरिन्। उनले भनिन्, पुरुषहरूको सफलताको पछि नारीहरूको हात रहेजस्तै नारीहरूको सफलताको पछि पुरुषहरूको हात रहेको हुन्छ। पुरुषहरूसित नारीहरूको कुनै प्रकारको प्रतिस्पर्धा छैन। नारी सशक्तिकरण अनि समान अधिकारका साथ पुरुषहरूसँगै हातेमालो गरेर वर्तमान नारीहरू अघि बढ्न चाहन्छन्।

आयोजक पक्षबाट हेडन हलका राधा कार्कीले पनि नारीहरूलाई सम्बोधन गर्दै वर्षमा एक दिन नारी दिवस पालन गरिनुको उद्देश्यबारे बताइन्। समाजमा दुःख-पीड़ा भोग्ने, भेदभावमा पर्ने नारीहरूमा पनि पुरुषहरू जस्तै सामर्थ्य रहेको उनले बताइन्। नारीहरूको घरको कार्यको कुनै मूल्याङ्कन नहुने मत राख्दै वर्तमान समयमा नारीहरूको अवस्था सय वर्षअघि जस्तो नरहे तापनि पुरुषहरूको तुलनामा नारीहरू दुइ सय वर्ष पछाड़ि नै रहेको लगायत प्रत्येक क्षेत्रमा नारीहरूको भूमिका महत्त्वपूर्ण रहने भएकाले उक्त योगदानको सही मूल्याङ्कन हुनुपर्ने उनले जोर दिइन्।

प्रतिष्ठित साहित्यकार दिवंगत इन्द्रबहादुर राईको निधनप्रति एक मिनटको मौन धारन गरिएको कार्यक्रममा एआईडब्ल्युसीका मूलसचिवा गुणकेसरी प्रधान, आईसीडीएस निरीक्षक डा. निनु शर्मा, रीना राया आदि अतिथिहरूका रूपमा उपस्थित थिए। कार्यक्रममा आईसीडीएसको महत्त्वबारे कर्मचारीहरूले नाटकद्वारा बुझाइयो भने स्वनिर्भर दलको पक्षबाट गायत्री थापाले हाल जिल्लामा स्वनिर्भर दलहरूसित ३८ हजार नारीहरूसंलग्न रहेको जानकारी दिइन्।

चौरास्तामा आयोजित नारी दिवस समारोहमा उपस्थित नारीहरू। फोटो : दर्पण

Darjeeling, 08 Mar, 2018

## TRANSLATION:

## INTERNATIONAL WOMEN'S DAY HIGHLIGHTS CALL FOR WOMEN EMPOWERMENT AND EQUAL RIGHTS

Darjeeling, 8 March: The platform of International Women's Day became a strong voice for women's empowerment and equal rights during a special celebration organized at Chowrasta in Darjeeling. Participants expressed pride over the growing achievements of women in different fields, including the historic election of a woman as the Chairperson of the Darjeeling Municipality for the first time.

The programme was organized under the aegis of Hayden Hall Institute in collaboration with ICDS, SHGs, NGOs, and various social organizations. Alongside cultural presentations dedicated to women, the event also spread awareness on the Swachh Bharat Mission, human trafficking, and violence against women and girls.

A silent rally led by women from Hayden Hall passed through Clubside, Robertson Road, Chowrasta Road, and Gorkha Ranga Mancha Bhavan before culminating at Chowrasta. Participants carried placards highlighting women's rights, dignity, and social importance.

The celebration featured colourful cultural performances by students of Southfield College, child artists from Darjeeling Sign, and dancers from Siliguri. A short street play on the Swachh Bharat campaign performed by the Bhanu-Pala group added further vibrancy to the programme.

Chief Guest Pratibha Rai appealed to both government and non-government organizations to work towards reducing violence against women and girls and to form psychological support teams for survivors of abuse. She emphasized that just as women contribute to the success of men, men also contribute to the success of women. She stated that women are not in competition with men, but wish to move forward hand-in-hand with them through empowerment and equal rights.

Addressing the gathering, Radha Karki spoke about the significance of celebrating Women's Day and highlighted the strength and potential of women who continue to endure suffering and discrimination in society. She noted that although women's conditions have improved compared to a century ago, they still lag behind men in many areas, and stressed the importance of properly recognizing women's contributions in every sphere of life, including unpaid household work.

The programme also observed a one-minute silence in memory of renowned literary figure Indra Bahadur Rai. Among the distinguished guests present were AIWC General Secretary Gunake Sari Pradhan, ICDS Inspector Dr. Nitu Sharma, and Reena Raya.

During the event, ICDS staff presented a drama highlighting the importance of child development services, while Gayatri Thapa from the Swarnishwar group shared that nearly 38,000 women in the district are currently associated with self-help groups.